| | | |
|---|---|---|
| २४ | फेमस (काठमाडौं) | १) २०६५ जेठ २१ पेज ६ जनसाहित्य...., डेमोक्रेसी जेठ १७ पृष्ठ ५ जनसाहित्य...., नेपालबोध जेठ १५ पृष्ठ ५ जनसाहित्य... शीर्षकको लेख एक आपसमा हुबहु । डेमोक्रेसी वैशाख २० पृष्ठ १ मा प्रकाशित 'मल्ल होटलमा अवैध काम' शीर्षकको समाचार बैशाख २४ गतेको फेमस साप्ताहिकमा समेत हुबहु भएको ।<br>२) २०६५ वैशाख ३१ गतेको फेमस साप्ताहिक एवं २०६५ जेठ १ गतेको नेपालबोध साप्ताहिक र २०६४ चैत्र २६ गतेको फेमस साप्ताहिक एवं २०६४ चैत्र २७ को नेपालबोध साप्ताहिक पुरै पेज जस्ताको तस्तै (मास्टहेडमात्र फरक) ।<br>३) २०६४ चैत्र १९ र २६ गतेको अंकमा प्रकाशित टेलिकममा सिमकार्ड..... समाचार र नेपालबोध साप्ताहिकको २०६४ चैत्र २० गतेको अंकमा प्रकाशित टेलिकममा सिमकार्ड.... शिर्षकको समाचार हुबहु ।<br>४) असार २४ गते प्रकाशित पहिलो पेजको मुख्य समाचारसहित सबै समाचार असार २० गतेको डेमोक्रेसी साप्ताहिकको पहिलो पेजबाट हुबहु प्रकाशित ।<br>५) दोस्रो पेजको (असार ४ गतेको) सम्पादकीय र इश्वर पोखरेल र खिमलाल देवकोटाको लेख असार २० गतेको डेमोक्रेसी साप्ताहिकबाट हुबहु प्रकाशित ।<br>६) यसैगरी असार २४ गतेको तेस्रो, चौथो, पाँचौं र छैठौं पेजमा प्रकाशित सबैजसो सामग्री डेमोक्रेसी साप्ताहिक २० गतेको अंकसँग हुबहु प्रकाशित ।<br>७) यसैगरी यो साप्ताहिकको सबैजसो अंकहरुमा प्रकाशित सामग्री डेमोक्रेसी साप्ताहिकसँग हुबहु देखिन्छ । कुनै कुनै सामग्री मात्र हुबहु नभएर सम्पादकीयसमेत सिङ्गै सिङ्गै पेजको सामग्री र डिजाइन समेत एउटै र उस्तै देखिन्छ । यसैगरी यो साप्ताहिकका सबै सामग्री र पेज सेटिङ्ग नेपालबोध साप्ताहिकसँग पनि हुबहु प्रकाशित भएको पाइयो । यसबाट यी तीनवटा साप्ताहिकहरुले उही र एउटै सामग्रीलाई तीनवटा साप्ताहिकमा प्रकाशित गरी वर्गीकरणमा पार्ने गलत नियत लिएको प्रष्ट देखिन्छ ।<br>**विशेष नोट :**<br>१) मंगलबार छापिने फेमश साप्ताहिक तथा बुधवार छापिने नेपाल बोध साप्ताहिकको अधिकांश समाचार एउटै भएको ।<br>२) २०६५ असार २४ को फेमस साप्ताहिक र २०६५ असार २५ को नेपाल बोध साप्ताहिकको आवरण पृष्ठ मात्रै हेर्दा पनि पत्रिका हुबहु भएको छर्लग हुने । (प्रतिलिपिकै रुपमा रहेको)<br>३) २०६४ माघ १५ को फेमस साप्ताहिकको पृष्ठ ३ को ग्यासमा ठगी जारी, शीर्षकको समाचारमा सम्पादकको नाम मनोज खतिवडा छापिएको तर सम्पादकीयमा मनोज गिरी नाम भएको तथा २०६४ माघ २२ को फेमस साप्ताहिकको अन्तिम पृगठको सम्पादकीयमा परिचयमा नेपाल बोध साप्ताहिकको लागि प्रकाशन सम्पादक मनोज खतिवडा उल्लेख भएकोमा दुवै पत्रिका एउटै व्यक्तिले छापेको देखिन्छ ।<br>**टिप्पणी :** हरेक महिनाको पहिलो र तेस्रो अंकलाई नमूनाको रुपमा हेर्दै जाने क्रममा वर्ष १ अंक ३५, २०६४ माघ २२ मंगलबार निस्किएकोमा अन्तिम पृष्ठको पुच्छरमा नेपाल बोध साप्ताहिकको बाईलाईन ( नेपालबोध साप्ताहिकका लागि प्रकाशक/सम्पादक मनोज खतिवडा... छापिएको पाईयो । शंका लागी नेपालबोध साप्ताहिक झिकाएर हेर्दा त्यसको वर्ष ३ अंक ४६ २०६५ असार २५ गते बुधवार को मुखपृष्ठ र वर्ष २ अंक १२, २०६५ असार २४ गते मंगलवारको यस साप्ताहिकको मुखपृष्ठ फोटोकपीको रुपमा अर्थात हुबहु छापिएको पाईयो त्यसैगरी वर्ष १ अंक ३४ २०६४ माघ १५ गते छापिएको अंकको पृष्ठ ३ मा 'लुट लुकाउन पत्रकारलाई धम्की' भन्ने समाचारमा यस पत्रिकाका सम्पादक मनोज खड्का भनिएको छ त्यसैले यसबाट नेपालबोध साप्ताहिकका सम्पादक मनोज खतिवडा र फेमसका सम्पादक एकै हुन् भन्ने बुझिन्छ । |